# स्थानीय राजपत्र

**शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित**

**खण्डः २ शुद्धोधन, असोज २६ गते, २०७५ साल, संख्याः १३**


## भाग–२

**शुद्धोधन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही**

**संवत २०७५ सालको कार्यविधि नं. १३**
**कार्यविधिको नाम : निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण सम्बन्धी कार्यविधि, २०७५**

**प्रस्तावनाः** स्थानीय स्तरको विकास निर्माणको लागि स्थानीय श्रोतको पहिचान गर्ने र सो साधन श्रोतको समुचित परिचालन गरी गाउँपालिका बासीहरुलाई माटोको सहज आपुर्ती तथा माछा पोखरी निर्माणको लागी यो कार्यविधि तयार गरिएको हो । यो

कार्यविधि बनाउदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा ५ नं. प्रदेश सरकार नदीजन्य पदार्थ व्याबस्थापन कार्यविधी २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देश अनुसार यस शुद्धोधन गाउँपालिका मानपकडी रुपन्देहीले निजी जग्गाको माटो उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण सम्बन्धी कार्यविधि, २०७५ तयार गरी लागु गरिएको छ ।

१) **अनुमति नलिइ कार्य गर्न नहुने:** यस गा.पा. भित्र निजी जग्गाको माटो तथा नदी जन्य पदार्थ उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण गर्न यस गा.पा.को अनुमती पत्र नलिइ उक्त कार्य गर्न गराउन पाइने छैन ।

२) निजि जग्गाको माटो उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण गर्न चाहने सम्बन्धीत व्याक्ती वा संस्थाले निजी जग्गाको माटो उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण गर्न चाहेमा यस गा.पा.मा आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्ने छ ।

**३) अनुमतिपत्र सम्बन्धी व्याबस्था:**

- *माटो उत्खनन् तथाओसार पसार र माछा पोखरी निर्माणको लागी*

क) निजिजग्गाको माटो उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण गर्न चहने व्याक्ती वा संस्थाले सम्बन्धित वडा कार्यालयबाट सिफारिस ल्याउनु पर्ने छ ।

ख) प्राप्त निवेदन उपर तोक आदेश भै सम्बन्धित वडा कार्यालयबाट वा गा.पा.बाट कर्मचारी खटिइ सम्बन्धित

स्थानमा गै संधियारहरुको उपस्थितिमा स्थलगत सर्जमिन मुचुल्का तयार गरी पेश गर्नु पर्ने छ ।

ग) तत् पश्चात प्राविधिकबाट उत्खनन् हुने स्थानमा गै संधियारहरुको रोहभरमा उत्खनन् गर्न चाहेको वा उत्खनन् हुन सक्ने परिमाण निर्धारण गर्नु पर्ने छ । प्रविधिकले निर्धारण गरी यस कार्यालयबाट अनुमति लिएको भन्दा बढी परिमाण माटो तथा नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्न पाईने छैन ।

घ) आवश्यकता अनुसार यस गा.पा.ले गठन गरेको नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोत अनुगमन समितीको सिफारिस हुनुपर्ने छ । अनुगमन समितिले सिफारिस गर्दा यस गाउँ कार्यपालिकाको मिती २०७४/१२/१३ को बैठकले पास गरेको मापदण्डको निर्णय नं. २ अनुसार निम्न प्रावधान हुनु पर्ने छ ।

- बस्ती, नदी, बाटो, स्कुल, मन्दीर र जंगल नजिक भएको अवस्थामा माटो तथा नदीजन्य पदार्थ उत्खनन् गर्दा यस गा.पा.को नदीजन्य पदार्थ ब्यावस्थापन तथा अनुगमन समितिको सिफारिस अनुसार गर्ने ।
- उत्खनन् कार्य गर्दा जमिन सतह भन्दा अधिकतम ७ फुट भन्दा बढी गहिरो खन्न पाइने छैन ।
- खेत सम्माउने प्रयोजनको लागी संधियारहरूको खेतको सतह र सहमति अनुसार मात्र सम्याउन अनुमति दिने ।

ङ) माथी क, ख, ग र घ बुदाँका प्रकृया पुरा गरिसकेपछी सम्बन्धित ब्याक्ती वा संथाले निर्धारित राजश्व रकम यस कार्यालयमा नगद जम्मा वा कार्यालयको खातामा रकम जम्मा गरेको बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

च) राजश्व रकम जम्मा भैसके पछी सम्बर्नधित ब्याक्ती वा संस्थाले उत्खनन् तथा ओसार पसार गर्ने सवारीका साधन नं. पेश गरी गा.पा.बाट अनुमतीपत्र प्राप्त गरी सकेपछी मात्र निजी जग्गाको माटो उत्खनन् तथा ओसार पसार र माछा पोखरी निर्माण कार्य गर्नु पर्ने छ । अनुमति नलिइएको सवारी साधनबाट माटो तथा नदीजन्य पदार्थ ओसार पसार गर्न पाइने छैन ।

छ) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नु पर्ने छ ।

- **माटो तथा नदीजन्य पदार्थ ओसार पसारको लागी**

क) सम्बर्नधित सवारी धनीले आफ्नो सवारी साधनको कागजातहरुको फोटोकपी सहित निबेदन पेश गरी यस कार्यालयले निर्धारण गरेको राजश्व बुझाई चालु आ.ब. को लागी अनुमतिपत्र प्राप्त गर्नु पर्ने छ ।

४) ओसार पसार गर्ने सवारी साधन त्रिपालले छोपेर र धुलो नउडाइकन ओसार पसार गर्नु पर्ने छ ।

५) अनुमति लिइ उक्त कार्य गरेमा जरिमाना लाग्ने :

क) यस कार्यालयको अनुमति नलिइ निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन्, ओसार पसार तथा माछा पोखरी निर्माण सम्बन्धी कार्य गरेमा यस कार्यालयले उक्त सवारी

साधन र सामग्री नियन्त्रणमा लिई यस गाउँपालिकाको तेस्रो गाउँसभाले निर्धारण गरेको जरिमाना प्रति ट्याक्टर रू.१५,०००।-, प्रति टिप्पर रू.२५,०००।- र प्रति भारि यन्त्र तथा उपकरणको रू.३०,०००।- असुल उपर गरी मात्र उक्त सवारी साधन छोड्न सक्ने छ ।

६) यस सम्बन्धी अन्य कुराहरु अनुमतिपत्रमा उल्लेख भए अनुसार तथा वार्षिक ढुवानीको लागी सवारी साधन दर्ताको हकमा अनुमतिपत्रको पछिल्लो पानाको अनुमति प्राप्त व्यक्ती/साधनले पालना गर्नुपर्ने शर्तहरू अनुसार हुने छन् ।

- **राजश्व तथा शुल्क सम्बन्धी ब्यबस्था**

७) माटो उत्खनन् वापत प्रति घन फुट रू.२।- राजश्व लाग्ने छ ।

८) माटो तथा नदीजन्य पदार्थ ढुवानी गर्दा प्रति घन फुट रू.१।- पर्यावरण शुल्क लाग्ने छ ।

९) बार्षिक रुपमा ट्याक्टर दर्ता शुल्क रू.५,०००। लाग्ने छ ।

१०) नदीजन्य पदार्थ उत्खनन् वापत प्रति घन फुट रू.६।-राजश्व लाग्ने छ ।

११) बार्षिक दर्ता शुल्क रूपमा टिप्परको रू.७,०००।- तथा भारी यन्त्र तथा उपकरण र हाइवा टिप्परको रू.८,०००।- लाग्ने छ ।

- **आवश्यक कागजातहरु**
  - उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
  - उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा
  - जग्गाधनीको नागरीकता प्रमाणपत्रको प्रतिलिपी

१२) निजी जग्गामा माछा पोखरी निर्माण गर्दा मत्स्यजोन कार्यालय रूपन्देहीको सिफारिस पत्र अनिवार्य संलग्न हुनु पर्ने छ ।

१३) पुरानो माछा पोखरी मर्मत गर्दा समेत माथी उल्लेखित प्रावधानहरू लागु हुनेछन् ।

गाँउपालिका अध्यक्षबाट प्रमाणिकरण मिती :२०७५/०६/२५

आज्ञाले
**अनन्तपाणि मरासीनी**
प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका, रूपन्देही